# नेपाल गजट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं अषाढ २६ गते २०१३ साल

### खाद्य कृषि मन्त्रालयको

नेपाल एक कृषि प्रधान देश हो । देशको पुगनपुग ९६ प्रतिशत मानिस एक न एक रूपले किसान हुन, माटै गोडेर साँझ बेहान हात मुख जोड्न बाध्य छन् तर, आज भोलि यस देशका बेग्ला बेग्लै क्षेत्रमा अनिकाल दुर्भिक्ष पर्न थालेको छ; कतै लाखौं मन धान चामल खाद्यान्न निकाशी पनि गर्दछौं । तर कुनै क्षेत्र विशेषमा खाद्यान्न चाहिएमा हामी पंगु हुन्छौं र छिमेकीको मुख हामीले हेर्नुपर्छ । काम र माम खोज्न भनी आफ्नु श्रम बेच्न हाम्रा दाजु भाइहरू पहाडबाट झर्दै विदेशका फैलावटतिर बैरो लाग्न थालेका छन्। खेत बारी बाँझो राखेर, चार तमारो मस्काएर यसबाट हाम्रो खेतीमा पछि के असर पर्ला, भविष्यमा हाम्रो खाद्यान्नको स्थिति के होला सान्है विचारणीय समस्या सुल्झाउनुको बदला झन् झन् जटिल हुँदै गएको देखिन्छ ।



909
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खाद्य–योजना जनतालाई पेटभर खुवाउने विषयमा मात्र सीमित रहँदैन। अपितु प्रत्येक मानिसलाई पौष्टिक द्रव्य परिपूर्ण एक सन्तुलित आहारको बन्दोबस्त गर्नसम्म पनि पुग्दछ। यसमा मौजुदा जनताको पेट पूर्नाको मात्र होइन, निकट भविष्यमा बढ्ने जनसंख्याको र आकस्मिक दुर्दिनको सामना गर्ने हिसाब पनि गरिन्छ। साधारण नातिशीतोष्ण ( Temperate ) प्रदेशका वासिन्दा, साधारण मिहनत गर्ने व्यक्तिका निमित्त ओसत २८०० देखि ३८०० क्यालोरिज (Calories) उष्ण परिमाण दिने आहारको आवश्यक पर्छ, साथै हरेक मानिसलाई हर दाक्न सालको १२ गज कपडा पनि। यी सबैको उत्पादनको निमित्त एक व्यक्तिलाई झुण्डपुग ६.८५ रोपनीको दरकार पर्न आउँछ र एक करोड जनसंख्याको निमित्त करिब ६.८५ करोड रोपनी। त्यसैले कति जमीन आबादीमा छ, कति जमीन केगरी आबादीमा ल्याउन सकिन्छ अथवा हामीसित कति जमीन छ छैन, यस कुराको निर्णय गर्नु साह्रै आवश्यक छ। जे होस्, हामीसित भएको आवादी जमीनमा मात्र आधुनिक वैज्ञानिक कृषि पद्धति लागू गराई कृषि योग्य जमीनमा [ Intensive cultivation ] तीव्र खेतीपद्धतिको प्रचार र प्रसार गराएमा उब्जनीमा करीब ७० प्रतिशत बढाउन सकिने अनुमान गर्न सकिन्छ र चाहिने बढी जमीनबाट ४० प्रतिशत घट्न गई आवश्यक देखिएको ६.८५ रोपनी ४.१ रोपनीमा परिणत हुन आउँछ। यसबाट ३५०० वर्गमील जति अन्दाजी जमीन नयाँ आवादीमा ल्याउन मौजुदा हालतमा असम्भवप्रायः नभए पनि कठिनो छ भन्न सकिन्छ। परन्तु हामीले बाँच्नुपरेको छ; हामीले बाँच्नु मात्र होइन जीउनुपरेको छ। त्यस कारण हाम्रो निमित्त एकै बाटो बाँकी छ—वैज्ञानिक कृषिको अनुसन्धानको साथ साथै क्रमशः जमीन मा जनसंख्याको चाप हलुक्याउँदै औद्योगिक कार्यमा बढी जनसंख्याको प्रयोग र उपयोग गरी सन्तुलित कृषि र औद्योगिक विकास गराउनुमै हाम्रो कल्याण छ, दुर्भिक्षमाथि विजय छ।

नेपालको भौगोलिक परिस्थिति विचित्रको छ। यही विचित्रतामै हाम्रो आर्थिक स्थिति पनि गाँसिएको छ। कुनै क्षेत्रमा अन्नको अभाव छ त कहीं सह-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काल; कहीं अन्नको निकासी छ त कहीं पैठारी। तथ्यांकअनुसार नेपालको कोशी प्रदेश तराई भागमा अन्नको कमी रहँदैन र बढी अन्न निकासी हुन्छ। परन्तु सोही प्रदेशको पहाडी भागमा अन्नको कमी छ। मध्यप्रदेशको यही हालत छ। गण्डकप्रदेशको पनि नेपाल देशको सारा भागमा एकै पटक सारा कार्य शुरु गर्न सम्हैं असजिलो छ तापनि खाद्यान्न-संकट-ग्रस्त प्रदेशहरू छुट्याई योजनाअनुसार ती ती प्रदेशमा कार्य शुरु गर्दै लगी क्रमशः सारा देशमा कार्यसंपादन गर्नुपर्छ। पहिलो साल यसै काठमाडौं उपत्यकाको खाद्या-हार-संकट दूर गर्नेतर्फ युद्ध—कालीन स्थिति [ War footing ] सरह कार्य शुरु गराइनेछ।

उत्पादन

पर्ती जमीन कमाउ:—

बढ्दो जनसंख्याको मेहेरो Trend र घट्दै गएको जमीनको उर्वराशक्ति-समेतले गर्दा यस देशको खाद्यस्थिति पूरा सम्हाल्न तीव्र खेती मात्र होइन, बढी जमीन आबादीमा ल्याउन परम आवश्यक छ। काठमाडौं उपत्यकाको मात्र खाद्यसंकट दूर गर्न सरकारले सालिन्दा ३५।४० लाख रुपैयाँको नोकसानी खप्नु परेको छ। यसबाट राष्ट्रको आर्थिक स्थितिमा धक्का लागिरहेछ, देशोन्नतिका अरू कार्यमा बाधा परिरहेछ। त्यसैले हामीलाई खाद्यान्न पूर्ण रूपले उब्जाउन सक्नु पर्छ। हामीसित आजै प्रशस्त फाँट् पर्ती जमीन छन्। त्यसको उपयोग गरेमा हाम्रो समस्या हल हुन सक्दछ।

त्यस कारण:—

१. खाद्य पदार्थ पैदा गर्न सकिने जल, थल, जमीन कसैका नाउँमा दर्ता भए तापनि नियत समयभित्र आबादी नगरी पर्ती राखेमा तिनमा कसैको भू-स्वामित्व अधिकार रहनेछैन। सरकारले खाद्य उत्पादनको निमित्त त्यस्ता जल, थल, जमीनको उपयोग गर भोग गर्न गराउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. विशाल काठमाडौंको सर्वेक्षण गरी १६ माइलको परिधिभित्रबाट कृषिविभागले आवहवा, माटोको बचाव र प्राकृतिक सौन्दर्यको पूर्ण विचार र छानविन गरी अघि आवाद लायक भनी छुट्याइएको २५,००० रोपनी जमीन र त्यस बखत सर्भे गर्न बाँकी भएको ठाउँहरू सर्भे गराउँदा सो अंक ५०,००० रोपनी पुग्ने अनुमान गरिन्छ । यसलाई आवादीको निमित्त खोलाइनेछ।

३. देशका नाङ्गा डाँडाहरू विस्तृतरूपले जंगल लगाउन पैरो आदि माटाका बहाव रोक्न एक बृहत् योजना तयार गरी कार्यान्वित गर्ने र गराइनेछ ।

४. यो 'बढी जमीन कमाउ' आन्दोलन देशव्यापी गराइनेछ ।

५. देशभरका आवादलायकका पर्ती जमीनहरू जिन्सी सलामी लिई दर्ता गराइनेछ । पाखाबारी लाग्ने रोपनी १ के १ पाथी, खेत हुनेमा २ पाथी, मिठ जमीन विगाह १ मा आधा मन र धनहरूमा १ मन फीविगाहा सालाना जिन्सी सलामी ५ सालसम्म लिइनेछ र सलामीबाट उठेका अन्न प्रादेशिक धर्मभकारी अथवा प्रादेशिक अन्ननिधिमा जम्मा गरिनेछ । उठेको जिन्सी जमिदार पटवारी मुखिया जिम्मावालले तहसील गरी धर्मभकारी अथवा खाद्य निधिमा बुझाउनुपर्नेछ ।

६. नयाँ आवाद गराइएका जमीनको मनासीबमाफिक २ देखि ५ वर्ष-सम्ममा माफिसाला दिई आँठातरह माल पोत तोकिनेछ।

७. आवहवा एवं माटोको पूरा संरक्षणको बन्दोबस्त र प्राकृतिक सौन्दर्य आदिको पूरा बचावट र बन्देज गरी त्यसदेखि बाहेक अरू खेतीलायक जमीन आवादीमा ल्याइनेछ। वन जंगल राख्नु पनाउनुपर्नेमा वन जंगल नै राखिनेछन्। आवादीमा ल्याइने छुट्याइएका जमीन प्रथमतः बाढपीडित, राजनैतिक पिडीत र सुकुमवासीलाई सर्वप्रथम सरकारी नीतिबमोजिम दिइनेछ। परन्तु यस्ताको अभाव हुन गएमा अरुहरूले पनि पाउन सक्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. आवादीको निमित्त जमीन छुट्याउन, सन्धिसर्पन निर्णय गर्ने शाखा मण्को टाउँको कृषि, वन, इलाका माल र बडाहाकिम वा मैजिष्ट्रेट अथवा तिनका प्रतिनिधिपदेतको एक कमिशन रहनेछ र त्यस कमिशनको सिफारिशबमोजिम गरिनेछ, कसैको उजुर लाग्नेछैन ।

९. जमीनको हक जमीन छुट्याइएको १५ दिनभित्र बहाली पूर्जी द्वारा दिइनेछ। यो कार्य देशमा पर्न आएको खाद्यस्थिति सपार्न युद्धकालिन स्तरमा गरिने हुँदा यसमा स्थानिय बडाहाकिमदेखि लिएर संबन्धित तथा संबन्ध नभएका भए पनि सरकारी कर्मचारी र स्थानीय जनताको पूर्ण सहयोगको निमित्त निर्देशन एवं आव्हान गरिनेछ ।

१० सरकारी अथवा संस्थाका जमीन जेसुकै होस खाली अन्न खेतीको निमित्त मात्र होइन जल, थल र जलवायुको अनुरूप तरकारी, फलखेती, पशुपालन, घांसपालन पशुचरन एवं जंगल लगाउने कार्यको निमित्त समेत दिइनेछ । तर हर हालतमा जे वस्तु अथवा पदार्थ उत्पादन सो वस्तु नै अन्नको जस्तै सरकारमा सलामी दिने गराइनेछ ।

११ शहर निर्माणमा बाधा नपर्ने गरी कुनै हालतमा पनि मालपोत बुझाएको नाताले अथवा बिर्ता वा कुनै धेरै बर्षपछि कार्यमा ल्याउने भनी आवाद लायकको जमीन पर्ती राख्न दिइनेछैन, आवाद अवश्य गराइनेछ । गोचर राख्न परेमा उन्नत तरिकाको गोचर राख्न लगाइनेछ ।

१२ सर्वजनिक कार्यमा स्कूल, अस्पताल, पार्क इत्यादि बनाउनुपर्ने अथवा लाग्ने जमीन ठहरे श्रमदान, धनदान वा अन्नदान आदि कार्यबाट सो जमीन सार्वजनिक फाइदाको निमित्त उन्नत रूपमा विकशित राख्न लगाइनेछ; पट बाँको होइन ।

१३) कुनै योजनाअन्तर्गत पर्न आएको छ भन्ने बहानाले योजना प्रस्तुत र स्वीकृति हुनभन्दा अगाडि नै आवाद हुन सक्ने जमीन ओगट्न दिइनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४) कुनै एक परिवारले निजी परिश्रमद्वारा बढी जमीन कमाई जमीनबाट बढी खाद्य पदार्थ उत्पादन गर्न सक्ने व्यक्तलाई महेन्द्र पुरस्कार प्रत्येक साल रु. ५०० का दरले १० पुरस्कार प्रदान गरिनेछन् ।

लघु सिंचाइ

बढी जमीनको कमाउको सिलसिलामा लघु सिंचाई योजनाको बडो महत्व रहन्छ । सिंचाइबाट ५० देखि १०० प्रतिशत बढी उब्जनी गर्न सकिन्छ । त्यस कारण लघु सिंचाइ योजनालाई अग्राधिकार दिइ यसको निमित्त चाहिने विशेषज्ञ, सुपरभिजर र निर्देशनको साथ साथै सिंचाइका साना ठूला साधन पम्प इत्यादि र चाहिएका आर्थिक सहायता दिने र श्रमदान अन्नदान धनदान आदिको समेत सामूहिक बन्दोबस्त गरिने र गराइनेछ ।

बढी अन्न फलाउ

१) रविबालीको प्रचारः— यस देशको निकै जसो कृषि क्षेत्रमा प्राय रविबाली लगाउने चलन छैन । रविबाली लगाउने जमीन प्रशस्त मात्रामा छ, पानी छ, सारा कृषकसमुदाय वर्षको ७।८ महिना बेकार बस्तछन् । परन्तु अथाह फाकट बाँझै रहन्छ । यो कार्यको निमित्त केवल निम्नलिखित बन्दोबस्त मिलाई कार्यसंपादन गराइनेछ ।

(क) रविबाली लाउने शिक्षा (ख) रविबालीको बीज वितरण (ग) चरी चरा-लको बन्देज (घ) लघुसिंचाईको प्रबन्ध ।

रविबाली बढी उब्जाउने रैतको कदर र प्रोत्साहन दिइ अग्रसर गराउने स्थानीय बडाहाकिम हाकिमहरुलाई यो कार्य पूरा सफल गराएमा नोकरीको कदर हुनेछ भन्ने आश्वासनको घोषणा गर्ने ।

२) रासायनिक खाद्य हरियो मल आदि देश विदेशबाट समेत मगाई तयार गरी प्रचार गर्ने र विक्रेताहरूलाई चाहिने सहुलियत दिइने छ ।

१०६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ उन्नत बीज उत्पादन गर्न खोज्ने व्यक्ति तथा सहकारी संस्थाहरुलाई विशेष प्रोत्साहनको साथै चाहिने सुविधा दिइनेछ ।

४) म्युनिसिपल्टीद्वारा फ्याँकीने फोहर मैलालाई कम्पोष्ट बनाउने तरिकाको शिक्षा दिई मेहतरहरुको सहकारी संस्था कायम गरी त्यसद्वारा कार्य संपादन गराइने छ ।

५) शहरबाट फ्याकिने भालहरुलाई सफा गरी सिंचाईको कार्यमा लगाउने कार्य गर्ने र गराइनेछ ।

६) अल्के बिग्रेका कूलाहरुको मरम्मत; निर्माण जमीनको सुधार, उन्नत बीज खरीद, बयल खरीद, मल खरीद गर्नाको निमित्त चाहिने ऋणहरु उपलब्ध गराउन कृषक बैंक र कृषक सहायक सुदा ( Agrarian Bank, Farmer's Aid Service ) स्थापना गराइनेछ ।

सुख्खा खेती अथवा ड्राइ फार्मिङ्गः—

वर्षातको भेल छोपी मल संभाली माटामा संचय गरी आवादलायक पर्ती परी रहेका फाकट जमीन आवादीमा ल्याई अन्न उब्जाउन सकने हाम्रा देशमा अझै विशाल फाकट टारहरु मौजुद छँदा छँदै; पानीको अभाव; इत्यादि अनेक हेतुका विघ्न बाँधा देखाई यी जमीनहरु त्यसै पर्ती परिरहेका देखिन्छन् । सरकारी दीर्घकालीन उपत्यका विकाश योजनाहरु विशाल सिंचाई योजनाहरु लागू भएमा प्रचुर मात्रामा आवदानीको व्यवस्था गर्न सकिन्छ, तथापि विशालत को अभावमै पनि मामुली मेहनतले, मामूली पसिनाले अल्पकालमै वैज्ञानिक कृषिका तथ्यहरु सुल्झाउँदा ती बेकम्मा टारहरुद्वारा पनि खाद्यान्न उब्जाउन सकिँदैन सकीन्छ, यसकारण त्यस्ता टारहरु क्रमशः आवादीमा ल्याउँदै गरिनेछ । दृष्टान्त बहार, सल्यानटारे आदि । नदीका बगर

९०६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्षातमा नदी बढ्दछ त हिउद लागेपछि सुक्छ पनि। बढेको वा घटेको ब-बखतमा प्राकृतिक साधनबाट फायदा उठाउनु मानिसको कर्तव्य हो। सुक्दै जाने नदीको बगरहरुमा अनेक प्रकारको बाली कमाइन्छ। यस कारण हाम्रा नदी ब-गरबाट बालु उत्पादन सजिलैसंग गाउन सकने हुँदा कार्य गर्ने र गराइनेछ।

पोखरी; र ताल नहर:—

यी प्राकृतिक साधनहरु पनि माछा, मखना र सिंगडा सजिलैसँग उत्पादन गर्न सकिन्छ। यस कारण यो जलखेतीलाई पनि प्रोत्साहन दिने र दिलाइनेछ।

क्रयशक्ति:—

यसदेशको खाद्य-सङ्कट एकातिर छ। अर्कोतिर क्रयशक्तिको क-मील चाहिने खाद्यान्न खरीद गर्ने शक्ति नभएबाट पनि धेरैजसो जनता दुर्भिक्ष-को मुखमा पुगेको छ। क्रयशक्ति बढाउनको निमित्त कुटीरउद्योगलाई पूरा प्रोत्सा-हनको जरूरत छ। सो जरूरतको पूर्ति कोरा मालको पैदायसमा निर्भर गर्दछ। यसकारण सो कार्यसम्पादनको निमित्त बढी अन्न फलाउ योजनाको अन्तरगत औद्योगिक बाली Economic crops जस्तै कपास, सन; मह रेशम लाहा आदि आदि उत्पादनको कार्यक्रम हुनु नितान्त आवश्यक छ। त्यसकारण यी पदार्थहरु-कोउत्पादनको निमित्त पनि विशेष जोड दिइनेछ।

उपलब्धि र वितरण:—

अनिकाल अथवा भूखमरी सदैव हटाउन बढी अन्नको उपज मात्र होइन छन्ननी गरिएका अथवा उपलब्ध गराइएका खाद्यान्नको राम्रो नियन्त्रण र वितरणव्यवस्था मिलाउनु पनि उत्तिकै जरुरी छ।

त्यसमा:—

(१) सरकारले खाद्य-संकट-निवारणको निमित्त खाद्य-व्यवस्था-नि-यन्त्रण र उत्पादन युद्धकालीन स्थितिअनुसार गर्ने र गराइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) देशबाहिर निकाशी हुने सारा खाद्यपदार्थ नसबाई प्रादेशिक निकाशी-योग्य बचत (Regional exportable surplus) पनि भन्न सकिन्छ, सरकारलाई चाहिएमा जम्मै वा जति चाहिन्छ रोकी- मोल (ceiling) तोकी सो मोलमा सरकार द्वारा खरीद भएको पदार्थ सरकारी स्तरमा निर्यात गर्नु नितान्त आवश्यक छ। जति अन्न सरकारलाई खरीद गर्नुछ, चालैं पालो गरी पहिला साल एक दुइ जिल्लाको आर्को साल अर्को एक दुइ जिल्लाको निकाशी बन्द गरी तोकिएको (ceiling) मोलमा खरीद गर्दै जान र चाहिएमा क्रमशः सारा देशव्यापीसमेत गराउन आवश्यक छ। सारांशमा सारा देशको खाद्यपदार्थ अथवा कृषिपदार्थहरूका आयात तथा निर्यात सरकारी स्तरमा मात्र क्रमशः गर्ने गराउने छ।

[३] खाद्य परिस्थिति हेरी कुनै जिल्ला अथवा प्रदेशमा खाद्यान्नको कमी देखिन्छ सरकारले सो जिल्ला अथवा प्रदेशलाई खाद्यसंकटक्षेत्र घोषित गरी खाद्य पदार्थ नियन्त्रण गरेर राशनिंग (Rationing) समेत गर्नेछ।

[४] देशका विभिन्न जिल्ला जिल्लामा खाद्य परिस्थिति हेरी जुन जिल्लाको खाद्य स्थिति संकटकालीन देखिन्छ त्यस्तो जिल्लामा राशनिंग गर्ने ठहरेमा सो जिल्लाबाट हुने र गरिने खाद्य पदार्थको निकासी पैठारी अथवा तेस्ता जिल्ला भरको खाद्यान्न उब्जनी जम्मै अथवा जति चाहिन्छ सरकारी द्वारा खरीद गरी बिक्री वितरण बन्दोबस्त सरकारी निगरानीमा गरिने छ।

(५) जिल्ला जिल्लामा प्रादेशिक खाद्य निधि (Regional Grain Bank) स्थापित गरिनेछ।

(६) खाद्यान्नको उब्जनी, किसिम, निकासी इत्यादिको अंक संकलन गर्ने व्यवस्था मिलाइने छ।

[७] संकट ग्रस्त जिल्ला अथवा प्रदेशमा खाद्यान्न उपलब्ध गर्न सरकारले हर सम्भवमार्ग खोज्ने छ र अकालको स्थितिमा सहायता खाद्यान्न पूर्ति गर्न आर्थिक सहायता (Subsidy) पनि गर्नेछ। 905

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेएपछि मात्र लागु हुनेछ।

८. देश भित्रै पनि एउटा जिल्लाबाट अर्को जिल्लामा खाद्यान्नको निकासी पैठारीलाई सरकारले नियंत्रित गर्नेछ। जरुरत परेमा यातायात र परिवहनका साधन समेत सरकारबाट नियंत्रीत गरीने छ। जरुरी र कम जरुरी ( essential and non-essential) पदार्थ छुट्याई तोकी विशेष र साधरण परिवहन (preferential and non-preferential) नामाकरण गरी जरुरी खाद्यपदार्थ लाई विशेष सुविधा दिइनेछ।

९. सरकारलाई चाहिने सारा खाद्यपदार्थको ठेका बन्दोबस्त खाद्य विभागको नीति अनुसार संबन्धित विभागले खाद्यविभागको संपर्कमा रही गर्नुपर्नेछ।

(१०) धर्मभकारी (Buffer Stock) अथवा प्रादेशिक खाद्यनिधिका खाद्य पदार्थ खर्च भएमा सरकारी खरिदीबाट भरिनेछ। जुन ठाउँको भकारी भर्नुछ खाद्यपदार्थ [२] अनुसार खरीद हुनेछ।

[११] सरकारको मंजुरी नलिई कुनै हालतमा पनि अन्नबाट मादक पदार्थ बनाउन दिइनेछैन।

[१२] सरकारी अथवा महाजनी बिक्रीका निमित्त राखिएका खाद्यान्नको जाँच बराबर सरकारनियुक्त व्यक्तिद्वारा गराइनेछ।

[१३] जनसहयोगबाट जटिलसे जटिल कार्यसंपादन गर्न सकिन्छ। देशमा पर्न आएको खाद्यान्नसंकटलाई सुल्झाउन सरकार जनसहयोग लिनेछ। तर कसैले यसबाट नाजायज फाइदा उठाउने कोशिश गरेमा सरकारको सदिच्छामा खलल पारेमा त्यस्ता समाजद्रोहीलाई कडासे कडा सजाय दिइनेछ।

## प्रशासन

जुनसुकै कार्यसंपादन गर्न अथवा संपन्न गराउन एउटा राम्रो यन्त्रको दरकार पर्न आउँछ। युद्धकालीन स्थितिसरह चालु गराउनुपर्ने यस शान्तीकालिन संग्रामको संचालन सफलतापूर्वक गर्न कर्मचारिवर्गको एउटा वैज्ञानिक संगठन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनु परम आवश्यक छ। यसको पूरा ख्याल राखी वैज्ञानिक बन्दोबस्त तत्काल गरिनेछ ।

उपसंहार

नेपालमा खाद्यान्नको संकट आज भोलि मात्र परेको होइन, आज भोलि पर्न आएको यो भयंकर आतंक त धेरै दिन अघिदेखि संचय हुँदै आएको हो। हामी एकातिर पंचवर्षीय योजना तयार गरी रहेछौं। अर्कोतिर खाद्यान्न खरीद गर्न करोडको निकटवर्ती अंक दानलाई छुट्याउँछौं। अन्नको पैठारीको साथ साथै कुनै कम्पनीको कार्य चालु गरेमा सालिन्दाको लाखौं खर्चबाट केवल दशांशसम्म मात्र उत्पादन कार्यमा लगाएको खण्डमा हाम्रो खाद्यस्थितिको कच्चा बाँध चुँडि रहन पाउनेछैन। अपितु कच्चाको ठाउँमा पक्की बाँध बाँध्न सक्नेछौं र अवश्य पनि फेरि एक पटक यो देशलाई अन्नपरिपूर्ण देशमा परिणत गर्न सक्नेछौं।

आज्ञाले—

रोहिणीप्रसाद,

सेक्रेटरी—खाद्य कृषिमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

999

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।